# आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम

## महाशिला गाँउपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

वालाकोट, पर्वत

गण्डकी प्रदेश, नेपाल

२०८० असार १०

# महाशिला गाउँपालिका गाउँ सभामा प्रस्तुत आ.व. ०८०/८१ को नीति तथा कार्यक्रम वक्तव्य

**सभा सदस्यहरु,**

स्थानीय तह सदस्य निर्वाचन पश्चातको दोस्रो नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा गौरवान्वित महशुस गरेको छु । निर्वाचित जनप्रतिनिधिको हैसियतमा हामीले जनता सामु गरेका वाचाहरु पुरा गर्ने र यस महाशिला गाउँपालिकाको अघिल्लो सरकारले थालेका जनकल्याणकारी कामलाई निरन्तरता दिँदै अधुरा रहेका कामलाई पुरा गर्नुपर्ने हाम्रो दायित्व हो । २०७२ सालको विनाशकारी महाभुकम्प, विगत ४ वर्ष देखी विश्व महामारीको रुपमा फैलिएको कोभिड-१९ को महामारी र देशमा विद्यमान आर्थिक संकटका कारणले विकास निर्माणमा पार्न सक्ने असर र मानव स्वास्थयमा पार्ने जोखिम पूर्ण रुपमा टरी सकेको छैन । संयुक्त राष्टसंघले लिएका दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरण गर्दै योजनावद्ध विकासलाई ध्यानमा राखेर अगाडी बढ्नु पर्ने कुरा यस सभा समक्ष जानकारी गराउँदछु ।

**सभा सदस्यहरु,**

देश निर्माणमा प्रजातान्त्रिक, लोकतान्त्रिक, गणतान्त्रिक र संघियता सहित सामाजिक मुक्ति आन्दोलनमा सहभागी जनसमुदाय प्रति सम्मान व्यक्त गर्दै नेपाली आमाका थुप्रै सपुतहरुले वलिदानी पूर्ण संघर्ष र सहादत प्राप्त शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाईते र अपाङ्गता भएका व्यक्तिहरु प्रति सु-स्वास्थ्यको कामना सहित उहाँहरुको योगदानको उच्च सम्मान व्यक्त गर्न चाहान्छु ।

आजको आवश्यकता दिगो विकासका लागि समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्य पुरा गर्नु हो । शासन व्यवस्थाको ढाँचा परिवर्तन भएपनि सोच र कार्यशैली परिवर्तन नहुनुले संघियताको मुल मर्मको अनुभुति जनताले गर्न पाएका छैनन् । पारदर्शीता, सुशासन साथै भ्रष्ट्रचारमुक्त समाज निर्माणकालागि राजनैतिक नेतृत्व र राज्य संयन्त्रको शुद्धिकरण आजको अपरिहार्य आवश्यकता हो । दिगो विकास, मानव अधिकार, संस्थागत सुशासन, पारदर्शीता, जवाफदेहीता र कानुनी राज्यकालागि केन्द्र, प्रदेश र स्थानिय सरकारको सहकार्य साथै समन्वय विना सम्भव छैन र जसका लागि स्थानिय सरकारलाई अधिकार सम्पन्न र मजबुत वनाउन ध्यान दिन जरुरी छ । आम सर्वसाधारणले प्रत्यक्ष प्रत्याभूत गर्ने तथा समाजवादको आधार निर्माण गर्ने जनताको प्रत्यक्ष सरकार भनेको स्थानिय सरकार नै हो ।

**सभा सदस्यहरु,**

नेपालको संविधान,२०७२ ले ल्याएको संघीय शासन प्रणालीले आज हामी जनताको निकटतम सारथी बन्ने अवसर पाएका छौं । देशमा बढ्दो व्यक्तिगत स्वार्थ र दलिय राजनैतिक गैह्र चरित्रले पुनः द्वन्द र अस्थिरता तर्फ देश धकेलिने खतरा र प्रवृत्ति चुनौतिको रुपमा हाम्रो सामु देखा परेको छ । जसले गर्दा राजनैतिक वितृष्णा र स्वयम् व्यवस्था प्रति खतराका संकेतहरु समेत देखिन थालेका छन् । यस गाउँसभाको अवसरमा सभासदस्यहरु लगायत गाउँपालिकालाई विभिन्न कार्यमा साथ र सहयोग गर्नु हुने सम्पूर्ण महाशिला गाँउपालिकाका आदरणीय आमा-वुवा, दिदी-बहिनी तथा दाजु-भाईहरु, निर्वाचित सम्पूर्ण

जनप्रतिनिधि एवं क्रियाशिल राजनैतिक दलहरु तथा सामजिक विकास अभियन्ताहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक मित्रहरु, क्रियाशिल पत्रकारहरु एवं विभिन्न कार्यालय, संघ, संस्था लगायत सम्पूर्णका प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस गाँउ सभाले **"शिक्षा, कृषि, रोजगार, स्वास्थ्य र पुर्वधारः सुन्दर–समृद्ध महाशिला विकासको आधार"** भन्ने नारालाई सफलिभूत पार्न यस गाँउपालिकाको समग्र विकासको लागि आ.व.२०८०/०८१ को वार्षिक नीति, कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित छु । आवाधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य तथा रणनिति र कार्यनितिहरुका साथै विगतका अधुरा कार्यक्रमहरुलाई सम्पन्न गर्ने गरी नीति तथा कार्यक्रम तय गरिएको जानकारी गराउन चाहन्छु ।

**सभा सदस्य ज्यूहरु**,

यस गाउँपालिकाको समग्र विकासको पक्षमा ध्यान दिदै आगामी आ.व.२०८०/०८१ को गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरु देहाय बमोजिम रहेको व्यहोरा म यस सम्मानित सभा समक्ष अनुरोध गर्न चाहन्छु ।

- नेपालको संविधान २०७२ ,
- स्थानिय सरकार संचालन २०७४ ,
- संघ तथा प्रदेशका निति नियम, ऐन कानुन तथा स्थानीय नीति नियमहरु,
- कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन,
- योजनाको आधारपत्रमा उल्लिखित व्यवस्थाहरु,
- नेपाल सरकार, प्रदेश सरकार र विभिन्न मन्त्रालयका मार्गदर्शन तथा निर्देशन र सुझावहरु,
- विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय सन्धी संझौता र प्रतिवद्धताहरु,
- दिगो विकास लक्ष्यमा आधारित भई नेपाल सरकार र गण्डकी प्रदेश सरकारले प्राथमिकीकरण गरेका योजनाहरु,
- महाशिला गाउँपालिकाको ५ वर्षे आवाधिक योजनामा आधारित योजनाको आधार,
- वस्तिगत, टोल विकास संस्था र वडास्तर, विषयगत समिति, योजना तर्जुमा समिति हुँदै जनतावाट आएका सुझावहरुका आधारमा यो नीति तथा कार्यक्रम तयार पारिएको छ ।

**आदरणीय सभासद ज्यूहरु**, आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन पश्चात देहायका उद्देश्यहरु हासिल हुने अपेक्षा गरिएको छ ।

क. जनताको जीवन स्तरलाइ समृद्धिको मार्गमा लैजादै महाशिलाको आर्थिक, सामाजिक, सास्कृतिक विकासलाइ साकार पार्न **"शिक्षा, कृषि, रोजगार, स्वास्थ्य र पूर्वाधारः सुन्दर-समृद्ध महाशिला विकासको आधार"** भन्ने मूल नाराका साथ शिक्षामा गुणस्तर, कृषिमा दिर्घकालीन विकास योजना सहित अगाडि जाने नीति अवलम्बन गरिने छ ।

ख. पर्यटन विकासमा पूर्वाधार निर्माण, विकास स्वयंसेवक परिचालन, कृषि तथा गैर-कृषि क्षेत्र, उद्यम विकासको क्षेत्रमा जोड दिई आत्मनिर्भरता तर्फ उन्मुख गरी व्यवसायीकरणकका साथै केन्द्र तथा प्रदेश सरकारसंग सहकार्य, अन्य दातृ संस्था र गैससरकारी संस्थाहरुसंग सहलगानीमा कार्यक्रम गरिने छ।

ग. जेष्ठ नागरिक, महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरुलाई वडाबाटै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने, लाभवाट बञ्चित समुदायहरुको स्रोत र साधनमा पहूँचको वृद्धि गर्ने र वजारवाट गाउँ आएका, विदेशवाट फिर्ता भएका, रोजगारी गुमाएका युवाहरुमा रोजगारी सिर्जना गरि आर्थिक विकास तथा उत्पादनमा जोड दिइने छ।

घ. महिला समुह, विकास संस्था क्लव तथा संघ संस्था सहकारीहरुसँग सहकार्य गरी सामाजिक परिचालनलाई संस्थागत रुपमा अगाडि वढाई पूर्णखोप, शुन्य होमडेलीभरी, वालमैत्री, अपाङ्ग मैत्री, पूर्ण सरसफाईयुक्त गाउँपालिका, सामााजिक विकृति जाँड, रक्सी, जुवा, तास विभिन्न दुर्व्यसनी, अपराध र महिलाहिंसा एवम् वालहिंसाको विरुद्धको अभियान र सामाजिक सुरक्षाका कार्यक्रम संचालन गरिनेछ। जनसहभागीतामा आधारित योजनालाई विशेषः प्राथमिकता दिईने छ।

ङ. सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर अभिवृद्धि गरी आधारभुतहमा पढ्ने सबै बालवालिकालाई पालिका भित्रका विधालयमा नै पढाउन अभिभावकलाई प्रेरित गरी शिक्षक, अभिभावक र गाउँपालिकाको साझेदारीमा **एक वडा एक आवसिय विद्यालय** कार्यक्रमलाई क्रमिक रुपमा लागु गरिने छ। उच्च शिक्षा अध्ययन सहयोग कार्यक्रमलाई निरन्तरता दिइएको छ।

च. भौतिक पूर्वाधार विकासमा दिगो विकासको अवधारणा समेतलाइ मध्यनजर गर्दै गाउँपालिका सेवा क्षेत्र भरी रहेका सामुदायिक विधुतलाई विधुत प्राधिकरणलाई हस्तान्तरण गर्ने, १ घर १ धारा टोल सम्म पुग्ने सबै सडक वाह्रै महिना संचालनमा ल्याउने जस्ता कार्यक्रमले जनताको जीवनस्तर सहज हुनुका साथै विकासमा जनताको पहुँच वृद्धि भएको हुनेछ। यस वर्ष प्रदेश सरकार सँगको समपुरक साझेदारीमा वडा नं.४ को वडा कार्यालय भवन निर्माण गरिने छ र संघ र प्रदेश सरकारसँगको समन्वयमा क्रमश अन्य वडा कार्यालय भवन निर्माण गरिनेछ।

छ. आन्तरिक आय वृद्धि, करको दायरा फराकिलो बनाउने एवं राजश्व संकलनका लागि आम नागरिक र निजी क्षेत्रसँग सहकार्य गरिने छ। स्वेच्छिक कर तिर्ने वातावरण तयार गरी करबाट संकलित आयलाइ जनताको प्रत्यक्ष विकासमा खर्च गर्न आवश्यक प्रबन्ध मिलाइने छ।

ज. सबै नागरिकलाई स्वच्छ पिउने पानिमा पहुँच पुऱ्याउनका लागि हाल सुचारु भएका र निर्माणधिन लिफ्ट खानेपानी योजनाहरुको विद्युत महशुल तथा योजनाको नियमित सञ्चालन एवम् सुरक्षाको लागि १ /१ जना स्वयम् सेवकको व्यबस्था मिलाइने छ।

झ. भ्रष्टाचारमुक्त समाज निर्माणमा जोड दिईने छ। उत्तरदायित्व र जवाफदेहिता वृद्धि गर्न सार्वजनिक सुनुवाईलाइ चौमासिक रुपमा अनिवार्य गर्ने नीति लिइने छ।

**सभासदहरु,**

यस महाशिला गाँउपालिकाका विद्यमान भौगोलिक क्षेत्र एवं जातजाति, सम्प्रदाय मौलिक कला संस्कृति, भाषा, भेषभुषा, इतिहास, कला, संस्कृति, प्राकृतिक स्रोत साधनको सर्वेक्षण, संरक्षण र व्यवसायिक उत्पादनमा विशेष जोड दिइने छ । यो गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रमले यस क्षेत्रको विकासका लागि सकारात्मक र महत्वपूर्ण योगदान गर्नेछ भन्ने कुरामा मैले पूर्ण विश्वास लिँदै हाम्रा विगतका वर्षका उपलव्धीहरु प्रस्तुत गर्दछु ।

## आर्थिक विकास क्षेत्र

### कृषि र पर्यटन

- एक घर एक टनेल कार्यक्रम यस महाशिला गाँउपालिका भरी लागु भएको छ । ५ वार्डका ७ स्थानमा होम स्टेको शुरुवात भएको छ । होम स्टेहरुमा पाहुना आउने क्रम वढेको छ । सामुदायिक भवनहरु र अन्य पूर्वाधार निर्माण भएका छन् ।
- यसै गरी महाशिलाका सेभेन प्वाईन्टको रुपमा महाशिलाको शिलाक्षेत्र, वालारानी गंगाधर गुफा क्षेत्र, पैयूँकोट, गोरल्याङ्ग क्षेत्र, चिसापानी क्षेत्र, दुक्तान वसाह क्षेत्र, फलामखानी धुँवाकोट क्षेत्र ७ स्थानलाई विकास गर्ने काममा स्थानीय सरकार अग्रसर रहेको छ। महाशिला क्षेत्र १०० गन्तव्य सुचिकृत भई गणेश मन्दिर, १०८ धारा निर्माण, शिला क्षेत्रको घेरावार, परिक्रमापथ जस्ता कामहरु सम्पन्न भएका छन् भने चिसापानीमा भ्यूटावर निर्माण र पैयुँकोटमा पर्यटकपथ परिक्रमा मार्ग सहितका पूर्वाधार निर्माणधिन अवस्थामा छन् ।
- उत्पादन महाअभियानले दुध, खसी वोका र तरकारी निकासी भएको छ । महिला सहकारी मार्फत होश्राङ्गदीमा र पाखापानिमा सहकारी पसल समेत संचालनमा आएका छन् । हेफर संगको साझेदारीमा होश्राङ्गदी र पाखापानीका सहकारी संस्थालाई २ वटा सवारी साधन उपलव्ध भएका छन् । महाशिला गाउँपालिकामा कार्यक्षेत्र रहेका जम्मा २२ सहकारी मध्ये ६ वटा सहकारी संस्थालाई कोपोमिसको प्रयोगकर्ता नाम र पासवर्ड उपलब्ध गराईएको छ ।
- ५०% अनुदानमा फलफुल विरुवा कार्यक्रम ( किवि ५५० वटा र ओखर ५०० वटा) खाद्यन्न बालीको उन्नत विऊ प्रयोगमा ५०% अनुदान (मकै ८०० केजी र गहु ५०० केजी) वितरण गरिएको छ । बाँझो जग्गामा खेती कार्यक्रम मार्फत तरुल, फर्सिको विरुवा रोपिएको छ । किसान सुचिकरण १७५२ किसानहरुलाई किसान सुचिकरणमा समावेश गरिएको छ । कृषि औजार सहयोग कार्यक्रम मार्फत च्याम्सो, मिल र हलो वितरण गरिएको छ ।
- होश्राङ्गदी र बालाकोटमा सामुहिक कफि फर्म र फलामखानीमा चिया विकासको काम भई रहेको छ । यसै गरी भोग्सींग, होश्राङ्गदी, बालाकोट, पाखापानि र दुक्तानमा सुन्तला, भोग्सींगमा अलैची फर्म र सवै वार्डहरुका विभिन्न स्थानमा आलु, तरकारी

र फलामखानिमा किवी खेतीको पकेट क्षेत्र वनेका छन् । सुन्तला व्लक क्षेत्रको कार्यक्रम वडा नं.१ देखी ५ सम्म समेटेर निर्माण गरिएको छ । तरकारी फर्महरु संचालन भएका छन् । सुन्तला बाहिर निकासी हुन थालेको छ ।

**पशु विकास**

सवै वडाहरुमा वाखा पकेट क्षेत्र, कुखुरा, वंगुर, मौरी पालनलाई व्यवसायिक रुपमा संचालन भइरहेका छन । गोठ गोठमा प्राविधिक कार्यक्रम अन्तरगत प्रत्यक घर धुरीमा पुगी सवै पशुलाई जुका माटेको औषधि र प्राविधिक सेवा उपलब्ध गराईएको । पशु क्षेत्रका सवै तथ्याङ्कहरु संकलन गरिएको छ। लिमि पाराकोटे भैसीका पाडापाडी संरक्षण कार्यक्रमलाइ निरन्तरता दिईएको छ ।

**उद्योग**

गरिवी निवारणका लागि लद्यु उद्यम विकास कार्यक्रम मार्फत वडा नं १ र ३ मा अचार बनाउनेमा १०२ जना, वडा नं २ मा अल्लो प्रशोधनमा ९ जना, वडा नं ६ मा ढाका बुनाई, पन्चेबाजा र आरन सुधार सम्बन्धि तालिम संचालन गरी जम्मा १४९ जना नयाँ उद्धमी सिर्जना गरिएको छ साथै वडा नं ३ मा सिलाई कटाईमा ९ जना, वडा नं ४ मा भाङ्गा बुनाईमा ११ जना, वडा नं ५ मा होजियारीमा १० जना र वडा नं ६ मा सिलाइ कटाइ सम्बन्धि तालिममा १० जना गरी जम्मा ४० जना उद्धमीलाई स्तरोन्नतिको तालिम प्रदान गरिएको ।

**महाशिला विकास स्वयंसेवक**

महाशिला विकास स्वयंसेवक एकघर एक रोजगार कार्यक्रमले विपन्न २०० भन्दा बढी नागरिकहरु शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, कृषि, पर्यटकिय स्थल, निर्माण र उत्पादनका काममा परिचालित भएका छन् । रोजगार सेवा केन्द्र शाखाबाट वेरोजगारहरुको तथ्याङ्क संकलन भइरहेको छ ।

## सामाजिक विकास क्षेत्र :

**शिक्षा**

- विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि अंग्रेजी माध्यममा पढाउने कामको निरन्तरता भएको छ ।
- मा वि र आधारभुत तहवाट शुरु गरिएको **एक शिक्षक एक ल्यापटप, एक कक्षा एक प्रोजेक्टर** कार्यक्रमले प्रविधि मैत्रि शिक्षणको शुरुवात भएको छ । सम्पुर्ण शिक्षकहरुलाई कम्प्यूटर तालिम दिईएको छ । परिक्षा प्रणालीलाई मर्यादीत बनाउँदै पालिका स्तरिय कक्षा १, ३, ५ र ८ को स्तर मापन गरिएको छ । उच्च शिक्षा अध्ययन छात्रवृती २ जना विद्यार्थीहरुलाई उपलब्ध गराईएको छ ।

- श्री महेन्दज्योती मा.वि. लुंखु ,स्वधर्म मावि पाखापानिमा दिवा आवाशिय विधालय कार्यक्रम र श्री गोर्ल्याङ्ग धाम आ.वि. होश्राङ्गदीमा पुर्ण आवासिय कार्यक्रम पालिका अभिभावक शिक्षको साझेदारीमा संचालन गरिएको छ ।
- शिक्षकहरुको क्षमता विकाशको लागि विभिन्न तालिम संचालन गरिएको छ ।
- सम्पुर्ण विद्यार्थिहरुलाई होमवर्क डायरी र शिक्षकहरुलाई शिक्षक डायरी उपलब्ध गराइएको छ ।

**स्वास्थ्य**

- सवै वडामा वर्थिङ्गसेण्टर संचालन गरी आमा र नवशिसुको जोखिमलाई कम गरिएको छ । अध्यक्ष सुत्केरी भेटघाट कार्यक्रम मार्फत विपन्न नागरिकलाइ राहत प्रदान भएको छ ।
- भोक्सिङ्ग, वालाकोट, पाखापानिमा स्वास्थ्य संस्था निर्माण चरणमा रहेका छन् । १५ शैयाको आधारभुत अस्पताल समेत निर्माणको लागि स्वस्थ्य तथा जनसंख्या मन्त्रालयवाट डि.पि.आर.स्वीकृतिको अन्तीम चरणमा रहेको छ ।
- ७० वर्ष माथिका ज्येष्ठ नागरिक तथा दिर्घ रोगीहरुलाई घर घरमा गई स्वास्थ्य परीक्षण गरी प्रेसर, सुगर जाँच गर्नुका साथै निःशुल्क औषधि बितरण गरिएको छ ।
- एम्वुलेन्स सेवालाई निरन्तरता दिईएको छ ।
- पुर्ण खोपयुक्त वडा तथा पालिका घोषणा गरिएको छ ।
- सबै वडाहरुमा गर्भवति महिलाहरुको लागि वडा स्तरमै भिडियो एक्सरे सेवा संचालनको लागि आवश्यक जनशक्ति तथा मेशिनको व्यवस्था गरिएको छ ।
- पालिका स्थित सम्पुर्ण माध्यामिक तहका विद्यालयहरुमा किशोरी शिक्षा कार्यक्रम संचालन गरिएको छ ।

**सामाजिक सुरक्षा तथा समावेशिकरण**

जुवा, तास र मदिरा नियन्त्रण कार्यक्रम संचालनले मदिरा सेवन र घरेलु हिंसा  केही न्युनिकरण भएको छ ।  व्यक्तिगत घटनादर्ता किताब डिजीटाइजेशनको कार्य सम्पन्न भएको छ ।

**खानेपानी**

खानेपानीमा १ घर १ धारा सवै वार्डमा काम संचालन भै ८० प्रतिशत घरमा पानीको सुविधा पुगेकोछ । लिफ्ट खानेपानि योजनाको विधुत खर्च निशुल्क गरि ५ वटा लिफ्ट योजनाको लागि १/१ जना स्वयंसेवक उपलब्ध गराईएको छ ।

## भौतिक पूर्वाधार क्षेत्र :

- सवैको चासो रहेको महाशिला चक्रपथको ट्याक ओपन भएकोमा सुधार विस्तारको काम अगाडी बढेको छ । गाउँपालिकाले डिपिआर गरेका ५ किमी गानावाङ्ग लुंखु सडक

गाउँपालिकाले आफै कालोपत्रे सम्पन्न गरेको छ। दुक्तान सिम्लेको पिच शुरु भएको छ भने लुंखु बालाकोट पिच गर्ने काम अगाडी बढीरहेको छ।

- डिपिआर वनेका ५ वटा सडकको सुधार विस्तारको काम भई रहेको छ।
- महाशिला गाउँपालिका राष्ट्रिय राजमार्गमा जोडिने भएको छ।
- सवै काठका पोलको विस्थापन गरि गण्डकी प्रदेशमा पहिलो फलामे पोल युक्त गाउँपालिका भएको छ।
- प्रमुख प्रशासकिय भवनको ढलान कार्य सम्पन्न भई अन्य कार्यहरु तिब्र रुपमा भईरहेको छ। महाशिला शिला क्षेत्रमा निर्मित आश्रमको कार्य अन्तिम चरणमा रहेको छ।
- महाशिला र पैयुँकोटको रेखदेख र संरक्षणको लागि एक एक जना स्वयंसेवको व्यवस्था गरिएको छ। उपभोक्ता समितिबाट निर्माणधिन ९० प्रतिशत भन्दा बढि योजना सम्पन्न भएका छन्। आहाले माझघर ट्रस पुल निर्माण कार्य भइरहेको छ।

**विपत तथा वातावरण संरक्षण क्षेत्र :**

- महाशिला गाउँपालिकामा विपद व्यवस्थापन कोष निर्माण भएको छ।
- स्थानिय पोखरी कुवा संरक्षणको काम लाई निरन्तरता दिईएको छ।
- महाशिला गाउँपालिका भित्र भएका मनसुनजन्य विपद घटनाका विवरणहरु संकलन गरि जिल्ला विपद समितिमा पठाइएको छ।
- ग्याविन जाली खरिद भइ वडाहरुमा पठाइएको।
- विपद सम्वन्धि तत्काल वितरण गर्न सकिने राहत सामग्रीहरु खरिद गर्ने चरणमा रहेको।

**संस्थागत सेवा प्रवाह र शुसासन क्षेत्रः**

- सवै वार्ड कार्यालय, विषयगत कार्यालय र गाउँपालिकाको अत्यावश्यक सेवा प्रवाहका लागि आफ्नै भवनहरुबाट भएको छ।
- लैसस रणनीति र क्षमता विकास योजना निर्माण भएको छ।
- आवश्यक ऐन, नियम र कानुन निर्माण गरिएको छ।
- वार्षिक निति तथा योजना र वजेट किताव नियमित प्रकाशन हुने परिपाटी बसेको छ।
- सवै सूचना सार्वजनिक गर्ने र गाउँपालिकाको वेवसाईटमा प्रकाशन गर्ने परिपाटी बसेको छ।
- वित्तिय सुशासन जोखिम मुल्यंकनमा गत वर्ष भन्दा ११ अंक वढी ल्याइ ७२ अंक पुगेको छ साथै स्थानीय तह क्षमता स्वमुल्यांकन (लिजा) मा गत वर्षको अंक २९ रहेकोमा यो वर्ष ७५ अंकको लक्ष्य राखिएको छ।
- आन्तरिक लेखा परिक्षण शाखाबाट रु.४,८०,०००।- बेरुजु असुली गरीएको छ भने महालेखाको प्रतिवेदनमा पर्वतमा सबै भन्दा कम बेरुजु हुने पालिकामा परेको छ।

➢ आन्तरिक आयमा यस वर्ष गतवर्षको तुलनामा १० प्रतिशत बृद्धी भएको छ ।

**बजेट निर्माण गर्दा निम्न प्राथमिकताका क्षेत्रहरु निर्धारण गरिएको छ :**

महाशिला गाउँपालिकाको आन्तरिक श्रोत, केन्द्र र प्रदेश सरकारको समानीकरण वजेट र राजश्व बाँडफाँडको रकमको आर्थिक विकासमा ३५ प्रतिशत, सामाजिक विकासमा १५ प्रतिशत, पूर्वाधार विकासमा ३५ प्रतिशत, वन, वातावरण र विपद व्यवस्थापनमा ५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा ५ प्रतिशत वजेटको व्यावस्थापन गरिएको छ । जसमा शसर्त वजेटवाट आएको संघ र प्रदेश सरकारका कार्यक्रम, विशेष अनुदानका कार्यक्रम, आयोजना तथा परियोजनाको रकम वाहेकको यो श्रोत स्थानिय सरकारले परिचालन गर्ने छ ।

**आ.व. २०८०।०८१ का लागि विषयगत नीति तथा कार्यक्रमहरु यस प्रकार रहेका छन :**

**क्षेत्रगत नीतिहरु**

**क). आर्थिक विकास क्षेत्र**

१. कृषि तथा पशुविकासका लागि उत्पादनमा आधारित अनुदान, कृषि उपजको बजारिकरण, सहकारीकरण तथा उद्यमीहरुलाई प्रोत्साहनको लागि उचित प्रवन्ध मिलाइने छ । **एक टोल एक उत्पादन कार्यक्रम**लाइ साझेदारी कार्यक्रम माफत क्रमिक रुपमा अगाडी बढाइने छ ।

२. महाशिला विकास स्वयंसेवक कार्यक्रमलाई निरन्तरता दिदै ५०० भन्दा बढी नागरिकलाइ रोजगार दिने नीति अवलम्वन गरिने छ ।

३. लिमे, पाराकोटे जातका भैंसी र पाडापाडीहरुको संरक्षण गर्न सवै वार्डमा सवै भैसी सुत्केरी भैसीका पाडा पाडी संरक्षण कार्यक्रमलाई निरन्तरता दिइएको छ।

४. स्थानिय गाई, भैसी, वाखा, कुखुरा, सुँगुरहरुको संरक्षण साथै नश्लसुधारको कार्यक्रम संचालन गरिने छ ।

५. महाशिलाका पर्यटकीय क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन तयार गरी श्रोत परिचालनमा जोड दिईने छ ।

६. घर फर्क प्यारा प्यारी कार्यक्रमलाई संशोधन गरी विदेश तथा बजारवाट फर्केका तथा अन्य युवाले उत्पादन मुलक व्यवसाय गर्न चाहेमा बैक संग समन्वय गरि रु १० लाख सम्मको ऋणको व्याज २ वर्ष सम्म गाउँपालिकावाट तिरीदिने नीति लिइने छ भने उक्त व्यवसायलाई सफल वनाउन आवश्यक तालिम र नियमित प्राविधिक सेवा निःशुल्क उपलव्ध गराईने छ । महाशिलामा जग्गा जमिन छाडी वसाई सरी गएका परीवार पुन वसाइ सरी आफ्नो जग्गामा खेति गर्ने गरी फर्की आएमा घर भत्कीएको भए घर निर्माणको लागि रु १ लाख र सो परिवारलाई ५ महिना सम्म खान पुग्ने गरी प्रति परिवार सदस्य रु २००० मासिक खाद्यान्न वापत अनुदान दिने नीति लिइने छ । निजले उत्पादन मुलक व्यवसाय गर्न चाहेमा बैक संग समन्वय गरि रु १० लाख

सम्मको ऋणको व्याज २ वर्ष सम्म गाउँपालिकावाट तिरीदिने निति लिइने छ भने उक्त व्यवसायलाई सफल वनाउन आवश्यक तालिम र नियमित प्राविधिक सेवा निशुल्क उपलव्ध गराईने छ ।

७. कृषि बाली तथा पशु विमा अभियान सञ्चालन गर्ने नीति लिइनेछ ।

८. लघु उद्यम कार्यक्रम स्थानिय स्तरवाट वजेट विनियोजन गरी शुरु गरिने छ । लघु उद्यम कार्यक्रम मार्फत अनिवार्य रुपमा **एक घर एक व्यवसाय** भन्ने नाराका साथ विशेषत दलित, महिला, विपन्न तथा वेरोजगार युवाहरुलाई विशेष प्राथमिकता दिने नीति लिइनेछ । जसका लागि आवश्यक तालिम तथा औजार उपकरणमा अनुदानको व्यवस्था गरिनेछ ।

१०. पालिकाको सेवा क्षेत्र भित्र पशुचौपायको स्वास्थ्यलाई लक्षित गरि चौमासिक रुपमा जुकामाटे तथा वर्षामा लाग्ने पशु रुघा काँसोका औषधी प्राविधिक मार्फत गोठमै निशुल्क खुवाउने व्यवस्था मिलाइने छ । भ्याक्सिन लगाउने तथा गोठको स्तरोन्नति गर्न आवश्यक अनुदान व्यवस्था मिलाइ **स्वस्थ पशु: सुरक्षित गोठ कार्यक्रम** लागू गरिने छ । साथै कानुनि रुपमा दर्ता एवं नविकरण भएका कृषि तथा पशुपंक्षि फर्मलाइ निशुल्क प्राविधिक सेवा मासिक रुपमा उपलब्ध गराउने नीति लिइनेछ । साथै कृषि तथा पशु फर्ममा गएर निशुल्क तालिम प्रदान गरिनेछ।

११. गाउँपालिका भित्रका कृषि उपजहरुको समर्थन मूल्य निर्धारण गर्न वार्डस्तरमा मूल्य निर्धारण समिति गठन गरिनेछ । साथै सामुहिक खेति प्रणाली र जग्गा चक्लावन्दीको कार्यक्रमलाई यसै आर्थिक वर्ष देखि अगाडी बढाइने छ ।

१२.स्थानिय रुपमा प्रत्येक वार्डमा वार्ड कार्यालयको समन्वयमा १/१ वटा सहकारी सस्तो पसल संचालन गर्न प्रत्येक सहकारीलाई रु १ लाख अनुदान दिइने छ ।

१३. बाँझो जग्गामा स्वयं आफुले खेती गरेमा वा अरुको जमीनमा खेती गरेमा प्रतिरोपनी रु.१००० बाँझो जग्गा खन्नको लागि गाउँपालिकाले अनुदान दिने छ । साथै रुख फल खेति तथा फलफुल खेति तथा अन्य बाली लगाउने अभियान सञ्चालन गरिनेछ।

१४. मौरीपालनको विकासका लागि तथा मह उत्पादनमा वृद्धिका लागि घारमा ५०% अनुदान दिईने छ ।

१५.कृषिमा यान्त्रिकीकरण गर्न व्यवसायिक कृषक र कृषक समूहलाइ वढीमा ५०% सम्म अनुदानको व्यवस्था गरिनेछ ।

१६. यस महाशिला गाउँपालिका अन्तरगतका आर्थिक विकास योजना तथा अन्य पूर्वाधार क्षेत्रका कार्यक्रमहरुमा केन्द्र, प्रदेश सरकार र अन्य साझेदार सरकारी तथा गैर सरकारी संस्थाहरुसँग साझेदारी गरी कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक समपुरक कोषको लागि वजेट व्यवस्था गरिनेछ ।

१७. स्थानीय उत्पादनलाई जोड दिइ ग्रामीण अर्थतन्त्रमा सुधार गर्नका लागि वडास्तरमा हाट वजार र पर्व बिशेष वा समय अनुसार मेला एवं महोत्सवहरु सञ्चालन गर्ने

नीति लिईने छ । साथै कृषि उत्पादनको बजारिकरणको लागि सहकारी तथा व्याक्तिलाई कार्यविधि बनाइ रु १ लाख सम्म जनही अनुदानको प्रवन्ध मिलाइने छ ।

१८. परम्परागत कृषि प्रणालीमा परिवर्तन गर्नका लागि ग्रामीण कृषि व्यवसायलाई आधुनिकीकरणमा जोड दिन **सहकारी फर्म खेती र एक गाउ एक उत्पादन कार्यक्रम** संचालन कार्यका लागि संस्थागत सहयोग गर्ने नीतिलाई अगाडि बढाईने छ । जसका लागि अनुदानको समेत उचित व्यवस्था गरिने छ ।

१९. प्रदेश सरकारसँग समन्वय गरि उद्योग क्षेत्रको विकासका लागि उद्योगग्राम स्थापना गर्न वडा नं. ५, ३, २ मा पर्ने सिस्नेखाल्टा देखि अर्खभञ्ज्याङ्ग सम्मको जग्गा छनोट गरि आवश्यक प्रक्रिया अगाडी बढाइने छ ।

२०. युवाहरुलाइ स्वरोजगार बनाउनका लागि **एक युवा एक उद्दम** कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. स्वयमंसेवकहरुलाई उद्दमी बनाउन **स्वयंसेवक सहकारी स्थापना** गरिनेछ । निर्माण स्वयंमसेक लाई **काम अनुसारको दाम** मोडलमा काममा लगाइने छ । निर्माण स्वयंसेवक लाई मासिक रु ७००० को काम दिईदै आएकोमा यस वर्ष देखि वढाई रु १०००० को काम दिइने छ जस मध्य कार्यविधि बनाइ कम्तीमा रु १००० मासिक अनिवार्य वचत गर्न लगाइने छ ।उत्पादन महाअभियान कार्यक्रम अन्तरगत उत्पादनलाई वढावा दिन  प्रति लिटर दुधमा रु. १०, खसीवोका जिउँदो मासुमा प्रति केजी २५ र ताजा तरकारीमा प्रति केजी ५ अनुदान सहकारी मार्फत गरिने छ ।

२२. व्यावसायिक फर्म संचालन गर्ने कृषकहरुलाई एकमुष्ट अनुदानको व्यावस्था गरिने छ । अर्गानिक खेतलिाई प्रोसाहित गरीनेछ । कम्पोष्ट मल उत्पादन कार्यक्रमलाइ शुरु गरिने छ ।

२३. गाँउपालिकामा एक श्रम वैंक स्थापना गरि सबै प्रकारका दक्ष, अर्धदक्ष र अदक्ष जनशक्तिको रोजगार शाखाको संयोजनमा उचित व्यवस्थापन गरिनेछ ।

२४. स्थानिय उद्योगको संभाव्यता हेरी फलामखानी, पाखापानीमा रातोमाटोको उद्योग र वार्डस्तरमा ढुँगा कटाई उद्योगसंचालनमा सहयोग गरिने छ ।

२५. यस महाशिलाको गाउँपालिका भित्रको निजि, सामुदायिक, वन, सरकारी, प्रर्तिजग्गाको विवरण तयार गरी स्थानिय रुपमा उपयोगका लागि कार्यविधि वनाई काम गरिनेछ ।

२६. निजि, सामुदायिक, वन, सरकारी, पर्ति जग्गामा विभिन्न जातको घाँस विकास गर्ने र स्थानिय घाँस सहितको दाना उद्योग संचालनकालागि केन्द्र र प्रदेश सरकारसंग सहकार्य गरिने छ ।

२७. गाँउपालिका स्तरीय सहकारी समन्वय समिति स्थापना गरि सोही मार्फत सहकारी संस्थाहरुलाइ अझ व्यवहारिक सरलिकृत तथा प्रभावकारी बनाउदै संचालन गरिनेछ ।

२८. स्थानीय कच्चापदार्थमा आधारित लघु तथा घरेलु उद्यमीहरुको प्रर्वद्धन गर्न सीपमुलक तालिमको व्यवस्था गरि उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चिता प्रदान गरिनेछ ।

२९. लोप हुन लागेका स्थानीय सीपहरुको खोजी गरि संरक्षण तथा प्रर्वद्धनको लागि सिप विकास तालिमहरु सञ्चालन गरिनेछ ।

३०. प्रत्येक वडामा युवा लक्षीत **एक वडा एक लघु उद्योग कार्यक्रम** सञ्चालन गरिनेछ । जसको लागि रोजगारी श्रृजनाको अवस्थालाई हेरी कार्यविधि वनाई वढीमा रु ५००००० सम्म अनुदान दिई रोजगारी र उत्पादनमा वृदि गर्नेछ ।

३१. गरिबी निवारणका लागि लघुउद्यम कार्यक्रमबाट तथा अन्य सीप विकास सम्वन्धि तालिम हासिल गरि उद्यमी बन्नुभएका उद्यमीहरुले वडाहरुमा ५ जनाभन्दा बढीलाई रोजगारी प्रदान गर्न सक्ने गरि लघु उद्योग सञ्चालन गरेमा **उद्योग तपाईको विधुत हाम्रो कार्यक्रम** मार्फत उद्योग संचालनको लागि आवश्यक पर्ने विद्युत महशुलमा अनुदानको व्यबस्था गरिने छ ।

३२. एक घर एक टनेल कार्यक्रम लाई सुधार गरी अगाडी वढाइने छ ।

३३. गाजाखेति अनुसन्धानको लागि प्रदेश र संघ सरकार संग समन्वय गरिने छ ।

## ख) सामाजिक विकास क्षेत्र

### शिक्षा

१. शिक्षा क्षेत्रको विकास मार्फत समृद्ध महाशिलाको आधार तय गर्न गुणस्तरीय शिक्षा महाशिला विकासको आधार प्रविधि मैत्री कक्षाकोठा तथा बालमैत्री पूर्वाधारको नीतिलाइ अगाडि लैजान आवश्यक प्रवन्ध मिलाइने छ ।

२. शैक्षिक गुणस्तर सुदृढीकरणका लागि नमूना आधारभूत कक्षा व्यवस्थापन तथा एक वडा एक आवसीय विद्यालयको अवधारणालाई क्रमश लागु गरिने छ ।

३. शैक्षिक जनशक्तिको क्षमता विकासका लागि शैक्षिक तालिम तथा कार्यशालाका लागि उचित व्यबस्था गरिने छ । शैक्षिक सामग्री प्रयोग र निर्माणका लागि प्रोत्साहनको नीति अवलम्बन गरिने छ ।

४. शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर मापन तथा सिकाइ उपलब्धि मापन गरी नतिजालाई शिक्षक प्रोत्साहन सँग आवद्ध गरिने नीति लिइने छ ।

५. अंग्रेजी माध्यमका कक्षाहरुलाइ क्रमश व्यबस्थित गर्दै आधारभूत तह सम्म विस्तार गर्दै नमुना शिक्षण कार्यलाई क्रमश लागु गरिने नीति लिइनेछ।

६. विद्यालय सुशासन प्रवद्धन गर्ने नीति अनुरुप विद्यालयमा ई-हाजिरी तथा बैज्ञानिक लेखा प्रणालीमा कडाई गरिनेछ ।

७. विद्यालयमा पढाई संगै स्थानिय पाठ्यक्रम निर्माण गरी **पढ्दै कमाउदै** कार्यक्रमलाई क्रमश लागु गरिनेछ।

८. समाजिक परीक्षण, विद्यालय सुधार योजना र त्यसको कार्यान्वयन तथा विद्यालयको शैक्षिक वातवरणको आधारलाई प्र.अ. तथा शिक्षकको मूल्याङ्कनको आधार बनाई पुरस्कार र सचेतनाको नीति अवलम्वन गरिनेछ ।

९. सम्पूर्ण शैक्षिक क्षेत्रलाई प्लाष्टिक तथा जंक फुड निषेधित गरिने छ। साथै विद्यालयमा नै निर्मित स्थानीय स्तरमा उत्पादित खाद्यान्नको प्रयोग गरि दिवा खाजाको खुवाउने नीति लिइनेछ।

१०. प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरी विद्यालय प्रशासनलाई चुस्त,दुरुस्त र व्यवस्थित बनाइने छ साथै उचित प्रोत्साहन स्वरुप गाउँपालिकाको आन्तरिक स्रोतबाट प्रधानाध्याकाहरुलाई आधारभूत तह (१-३) लाई रु ५०० /- (१-५) लाई रु ७०० /- (१-८)लाई रु १०००/- र मावि तह (१-१२) लाई रु १५००/- मासिक प्र.अ.भत्ता प्रदान गरिनेछ।

११.शैक्षिक क्षेत्रलाई व्यवसायिक र प्रविधि मैत्री बनाउन एक शिक्षक एक ल्यापटप र एक कक्षा एक प्रोजेक्टर कार्यक्रमलाई निरन्तरता दिइने छ।

१२. महाशिला गाउँपालिकाबाट कृषी, पशु ,इन्जीनियर तथा डक्टर जस्ता प्राविधिक विषयमा स्नातक पढ्ने विद्यार्थीहरुलाई शैक्षिक प्रोत्सहान तथा सहायताको व्यवस्था लागि वार्षिक ४ जना गरिब तथा जेहेन्दार विद्यार्थीलाई समग्र पढाई अवधिमा जनहि रु ४ लाख छात्रवृति दिने कार्यक्रमलाई निरन्तरता दिइने छ।

१३. यस शैक्षिक सत्रबाट गणित र विज्ञानको शिक्षक नपाइने अवस्था लाई मध्यनजर गरि महाशिला भित्रका सामुदायिक विधालय वाट एस ई ई पास गरि गणित र विज्ञान विषयमा कक्षा ११ पढ्ने गरिव तथा जेहेन्दार ६ जना विधार्थिलाइ वार्षिक जनही रु ५०००० को दरले स्नातक सम्म पढ्न प्रोत्साहन स्वरुप छात्रवृत्ती दिइनेछ।

१३. विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालनलाई वढवा दिने र रेडक्रस सर्कल, स्काउट, बालक्लव गठन गर्ने तथा सामुहिक क्रियाकलापमा विद्यार्थीहरुलाई परिचालन गर्ने कार्यलाई अगाडी बढाउन आवश्यक व्यवस्था मिलाइनेछ। यस वर्ष सवै माध्यमिक विद्यालयमा स्काउट गठन गरिनेछ।

१४. पालिकाको संयोजन र विद्यालयको व्यवस्थापनमा अतिरिक्त कृयाकलापलाई सक्रिय रुपमा लागु गरिने नीति लिइनेछ।

१५. विद्यालयमा कार्यरत बाल सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारीहरुलाई नेपाल सरकारले दिने वाहेकको रकम थप गर्ने नीतिलाई निरन्तरता दिईने छ।

१६. स्वास्थ्य शाखाको समन्वयमा विद्यालय स्वास्थ्य कार्यक्रमलाई संचालन गरिने छ।

१७. असाहय तथा अभिभावक विहिन वालवालिकाहरुलाई विद्यालय शिक्षाको सुनिश्चित गर्न '**असाहय विद्यार्थी सँग अध्यक्ष**' कार्यक्रम मार्फत आवाशिय विधालयमा निशुल्क पढ्ने व्यवस्था गरिने छ।

१८. विद्यालयमा सञ्चालन हुने वार्षिक परीक्षा र करार शिक्षक नियुक्तिलाई थप व्यवस्थित गर्नका लागि पालिका स्वयंले दायित्व लिइ परीक्षा सञ्चालन, व्यवस्थापन तथा निर्देशन समिति गठन गरि सम्पूर्ण परीक्षाहरुलाई व्यवस्थित लिइ गरिने छ।

१९. आधारभूत तहमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिने छ।

२०. निजामति सेवा र शिक्षक सेवा आयोगका परिक्षामा पहुँच बृद्धि गर्नका लागि इच्छुक व्यक्तिलाई शिक्षक सेवा र लोक सेवा आयोगका कक्षाहरु प्रत्यक्ष तथा निःशुल्क रुपमा सञ्चालन गरिनेछ । शिक्षाको गुणस्तर वृद्धिको लागि अभिभावक शिक्षा संचालन गरिने छ ।

## महिला र सामाजिक समावेशिकरण न्याय

१. साझेदारी कार्यक्रम र सहकारी मार्फत महिलाको मागका आधारमा उद्यम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरी आय आर्जनमा बृद्धिमा विशेष जोड दिईने छ ।

२. समाजमा रहेका लैंगिक हिंसा तथा विभेदको अन्त्य गर्न वडा स्तरमा मेलमिलाप केन्द्र र सहजकर्तालाई परिचालन गरिने छ ।

३. सूरक्षित मातृ शिशु सेवा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरि आमा र शिशुको सुरक्षा गरिने छ ।

४. यस महाशिला गाउँपालिका क्षेत्रभित्र अवैधरुपमा सञ्चालित मदिरा व्यवसायिलाई करको दायरामा ल्याईने छ साथै मदिरा सेवनका कारण महिला, बालबालिका तथा बृद्ध समुदायमा परेको असरका कारण पहिचान गरि यसको नियन्त्रणका लागि "जाँड रक्सी, जुवा तास, गर्छ यसले सर्वनाश" भन्ने नाराका साथ सबै लाई सचेत गर्दै यसको नियन्त्रणका लागि टोल विकास समिति , महिला समूह, आमा समूह र बालक्लवद्धारा सचेतना कार्यक्रम संचालन गरि तोकीएको समय र तोकीएको उमेर का व्याक्तीहरुलाई मात्र विक्री गर्ने व्यवस्था गरिनेछ ।

५. अध्यक्ष सुत्केरी भेटघाट कार्यक्रमलाई निरन्तरता दिइने छ । कुन देखि कोरा सम्म कार्यक्रमलाई निरन्तरता दिइने छ।

६. सबै खालका सामाजिक विभेद न्युनिकरण गर्नका लागि जागरणमुलक अभियान सञ्चालन गरिनेछ । सामाजिक विभेदको न्युनिकरण सम्बन्धी कार्ययोजना समेत तयार गरी लागु गरिनेछ ।

७. सामाजिक समावेशीकरण सम्बन्धी स्थानीय नीति तथा कार्यक्रम तर्जुमा गरि लागु गरिनेछ।

## बालबालिका

१. विद्यालय स्तरमा वाल क्लव र प्रत्येक वडामा बाल सञ्जाल पुर्नगठन गरी वालमैत्री वडा वनाउने काम गरिनेछ ।

२.बालविवाह, बालशोषण जस्ता गैरकानुनी कार्यको अन्त्य गर्न विद्यालयमा र सचेतना कार्यक्रम विद्यालय स्तरमा संचालन गरिने छ ।

३. सवै तहका बालबालिकालाई शिक्षाको मुल धारमा ल्याउन जोड दिईनेछ ।

## जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा

१. सार्वजनिक स्थल तथा सवै भौतिक संरचनाहरु निर्माण गर्दा अनिवार्यरुपमा अपांग मैत्री बनाउनुपर्ने नीति लिइनेछ ।

२. अपाङ्गको वर्ग पहिचान गरि माग र क्षमता अनुसार व्यावसायिक सहयोग गरिनेछ ।

३. अपाङ्गहरुको सहज आवातजावत गर्नको लागि सहायक सामाग्री दिईने छ ।
४. बैंक सँग समन्वय गरी सामाजिक सुरक्षा भत्तालाई प्रत्येक वडा वडामा वितरण गर्ने प्रवन्ध मिलाइनेछ ।
५. सवै वार्डका स्वास्थ्य संस्थाहरुको समन्वयमा मासिक रुपमा जेष्ठ नागरिक, दिर्घ रोगी तथा अपाङ्ग हरुको घरमै स्वास्थ्य परिक्षण साथै निशुल्क सुगर परिक्षण गरिने छ ।
६. ७० वर्ष माथिका जेष्ठ नागरिकको उपचार विमा साथै उपचारकालागि एम्वुलेन्स प्रयोगमा ५० प्रतिशत छुट दिईने छ ।
७. जेष्ठ नागरिकको अनुभवलाई पुस्तान्तरण गर्नको लागि समय समयमा अन्तरपुस्तेनी संवाद स्थलको अवधारणालाई कार्यान्वयनमा ल्याइने छ ।

## स्वास्थ्य सेवा

१. महाशिला गाँउपालिकाका सबै वार्डहरुमा वर्थिङ्ग सेन्टर स्थापना भई सकेकोले घरमा सुत्केरी गराउने शुन्य संख्यालाई निरन्तरता दिइने छ । जसको लागि गर्भवति महिलालाई प्रसुति हुँदा निशुल्क घरवाट अपस्तालसम्म लैजान एम्वुलेसको प्रबन्ध गरिनेछ। साथै गर्भवति महिलाहरुलाई स्वास्थ्य संस्थाबाट निशुल्क क्याल्सियम वितरण गरिनेछ ।
२. सबै स्वास्थ्य संस्थाहरुबाट सुगरको निशुल्क परिक्षण गरिनेछ । वार्ड नं. ४ को पाखापानीको वाईकाठ, गढी, दुक्तान , हिरुखर्क तथा धुवाकोटमा संचालन भएका सामुदायिक स्वास्थ्य इकाइलाई निरन्तरता दिइने छ। वार्ड नं.१ को अर्घाउँदीमा एउटा सामुदयिक स्वास्थ्य इकाइ थपिने छ ।
३. विभिन्न विद्यालयहरुमा स्वास्थ्य, शिक्षा, सुरक्षित मातृत्व, पोषण र खोप जस्ता विषयहरुमा विद्यालय र समुदायहरुमा स्वास्थ्य शिक्षा सचेतना कार्यक्रम स्वास्थ्यकर्मीद्धारा संचालन गरिने छ ।
४. सवै स्वास्थ्य संस्थाहरुमा निशुल्क औषधीको आपूर्तिलाई प्राथमिक स्वास्थ्य केन्द्र मार्फत नियमित गरिने छ ।
५. गाउँपालिकाका स्वास्थ्य कर्मी तथा आवश्यकता अनुसार विशेषज्ञ डाक्टरहरु परिचालन गरी घुम्ती शिविर संचालन गरिने छ ।
६. गाउँपालिकाको लुंखु देउरालीमा १५ सैयाको अस्पताल निर्माण गरिने छ। यसै गरी निर्माणाधिन पाखापानी, वालाकोट र भोक्सिङ्गको स्वास्थ्य चौकी निर्माणमा गाउँपालिकाले रकम विनियोजन गरी बाँकि काम यो वर्ष भित्र सम्पन्न गरिनेछ । फलामखानीमा स्वास्थ्य चौकि भवन निर्माण गरिने छ ।
७. यस गाउँपालिका भित्रका नागरिकहरुलाई कडा रोग जस्तै क्यान्सर, हेपटाइटिस बी, मृगौला मुटुरोग तथा अन्य जटिल रोगको उपचारको लागि अवस्था हेरी बढीमा रु ५००००/- सम्म आर्थिक सहयोग दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
८. सवै व्यक्तिहरुलाई स्वास्थ्य विमाका पहुँचका लागि आवश्यक पहल गरिने छ। महाशिला भित्र हाल बसी रहेका सवै दलित परिवारका पशुको पशु विमा निशुल्क गरिने छ ।

९. आयुर्वेदिक केन्द्र आरोग्य संस्थाको सेवालाइ थप व्यवस्थित गर्न सहयोग गरिनेछ।

१०. जेष्ठ नागरिक, अपाङ्ग तथा दिर्घ रोगिहरुको स्वास्थ्य परिक्षणलाइ मासिक रुपमा नियमित गरि घरघरमा स्वास्थ्य परिक्षण कार्यलाई निरन्तरता दिइने छ।

११. सबै वडाहरुमा गर्भवति महिलाहरुको लागि वडा स्तरमै भिडियो एक्सरे सेवा प्रदान गरिने छ।

**खानेपानी**

१. केन्द्र र प्रदेश सरकार र अन्य निकायहरु संग समेत सहलगानी गरि सवै घरधुरीमा १ घर १ धारा कार्यक्रम २ वर्ष भित्र पुरा गरिने छ। खानेपानीमा १ घर १ धारा सवै वार्डमा काम संचालन भै ९० प्रतिशत घरमा पानिको सुविधा पुऱ्याइने छ। लिफ्ट खानेपानि योजनाको विधुत खर्च निशुल्क गरि ५ वटा लिफ्ट योजनाको लागि १/१ जना स्वयंसेवक पानि संचालनको लागि उपलब्ध गराईने छ।

२. यस गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुलाई ३ वर्ष भित्र पूर्ण सरसफाई युक्त वडा घोषणा गरिने छ।

३. पुराना मुल कुवा र धारा पोखरीहरु संरक्षण गरिने छ।

**खेलकुद तथा मनोरञ्जन**

१. खेलको माध्यमबाट युवाहरुलाई विकास गर्न गाउँपालिका स्तरीय कृष्णगोपाल स्मृति खेलमैदानको प्रदेश सरकारको सहयोगमा विस्तृत सम्भाव्यता अध्ययन गरी **एक पालिकां एक खेल मैदान**को अवधारणा अनुरुप नमुना खेल मैदान बनाइनेछ।

२. सवै मावि तथा आधारभूत तहका विद्यालयहरु विचमा प्रतिस्पर्धा गरि राष्ट्रपति रनिङ्गशिल्ड कार्यक्रमलाई निरन्तरता दिइने छ।

३. वार्ड र पालिकास्तरमा खेलकुद विकास समिति गठन गरी विभिन्न विधाका खेलकुदहरु संचालन गरिने छ।

४. पालिका स्तरमा अध्यक्ष कप संचालन नियमित रुपमा गरिने छ। गाउँपालिकामा दर्ता भएका विभिन्न क्लव तथा समुहका कार्यक्रमलाई सहयोग गरिने छ।

५. सवै वडामा मनोरञ्जन पार्क साथै मेला सञ्चालनका लागि सहयोग गरिने छ।

**संस्कृति**

१. गुरुङ्ग, मगर, नेवार, ठकुरी, दलित, वाहुनका साथै अन्य समुदायहरुको संस्कृति झल्किने गरि वडा स्तरमा कार्यक्रम संचालन गरिने छ।

२. धार्मिक पर्यटन विकासका लागि लगानी मैत्री बातावरणको निर्माण गरि धुवाँकोट, गोर्ल्याङ्गाम र गढि क्षेत्रको डिपीआर गरिनेछ।

४. समुदाय विशेषका पुराना लोपहुन लागेका सामग्री, सीप, पेशा, वाद्यवादन सामाग्री, गित, नाच र संस्कार र संस्कृतिको संरक्षणमा जोड दिइने छ।

## पूर्वाधार विकास क्षेत्र

१. **"समृद्धिको आधार, हरियाली सडक हाम्रो पूर्वाधार"** भन्ने नारालाई आत्मसात गर्दै यस महशिला गाउँपालिका अन्तर्गतका ग्रामिण सडकहरु र महाशिला चक्रपथलाई वाह्रै महिना सवारी साधन चल्ने गरि क्रमश विस्तार गरिने छ । सडक गुरुयोजना तयार गरी "क" वर्गका सबै सडकहरु स्तरउन्नती ग्राभेल र कालोपत्रे गर्ने नीति अवलम्वन गरिनेछ । सवै टोल सम्म वाह्रै महिना गाडी चल्ने बनाउन सडक विस्तार तथा स्तरउन्नतीको नीति लिइनेछ ।

२. महाशिला गाउँपालिका भित्र निर्माण हुने सवै भवन र घरहरु नक्सा पास गरि मापदण्ड बमोजिम भू-कम्प प्रतिरोधात्मक बनाउने नीति लिइने छ ।

३. जग्गाको स्थानीय स्तरमा लगत तयार गरि स्थानीय भू-उपयोग नीति तय गरि क्रमश अनुशरण गरिने छ ।

४. **'हामी सवैको भावना, उज्यालो गाउँ बनाउने' हाम्रो चाहना** भन्ने नारालाई सार्थक बनाउन सवै सार्वजनिक स्थल, वजार चोकहरुमा सौर्य वत्ति लगायत वैकल्पीक उर्जा मार्फत उज्यालो महाशिला कार्यक्रम लाई निरन्तरता दिइने छ ।

६. सम्पूर्ण सरकारी निकाय तथा बजार तथा वस्ती क्षेत्रमा इन्टरनेटको पहुँच पुर्याइनेछ। । सूचना तथा सञ्चार क्षेत्रलाई आम जनताको पहुँचमा पुर्याउने नीति अवलम्वन गरिनेछ ।

७ कुनै पनि सडक तथा भौतिक पूर्वाधार निर्माण गर्दा भई रहेको पूर्वाधार नोक्सान नहुने गरी गर्नुपर्ने र नोक्सान हुने भए सोही योजनावाट मर्मत सम्भार गर्नु पर्ने नीति अवलम्बन गरिने छ ।

८. कुनै पनि सडक तथा भौतिक पूर्वाधार निर्माण गर्दा भई रहेको पूर्वाधार नोक्सान नहुने गरी गर्नुपर्ने र नोक्सान हुने भए सोही योजनावाट मर्मत सम्भार गर्नु पर्ने नीति अवलम्बन गरिने छ ।

९. सार्वजनिक निर्माणको क्षेत्रहरुलाई पूर्ण रुपमा वालमैत्री तथा अपांगमैत्री पूर्वाधार विकासको नीति अवलम्बन गरिने छ ।

१०. सिँचाई सुविधाबाट वञ्चित खेती योग्य जमिनमा आवश्यक सिँचाई गर्न लिफ्ट तथा बोरिङ्ग सिँचाई लगायत बैकल्पिक सिँचाई प्रणालीका सवै सुविधाहरु विस्तार गर्ने नीति लिइने छ ।

११. घर नभएका विपन्न परिवारलाई उचित वास व्यावस्थापनका लागि रु.१ लाख सम्म अनुदान दिईनेछ ।

१२. पुर्वाधार निर्माणमा वातवरणीय प्रभाव मूल्याङ्कन तथा डिपिआर तयारका लागि आवस्यक व्यबस्था मिलाइने छ ।

१३. श्रमिकबाट गरिने सबैजसो काम **काम अनुसार दाम स्वयंसेवक कार्यक्रम** मार्फत गर्ने निति लिईने छ ।

१४. मेशिनबाट गर्ने काममा २० प्रतिशत र मानिसबाट गरिने काममा १० प्रतिशत श्रमदान कायम गरिएको छ ।

## वन वातावरण विपत व्यवस्थापन क्षेत्र

१. खाली रहेको जमीनमा वृक्षारोपण गरि सरकारी तथा सामुदायिक वनमा रहेका जडीबुटीको पहिचान, उत्पादन र वितरण तथा गैरकाष्ठ पैदावरमा आधारित उद्यम संचालन गर्ने नीति अवलम्वन गरिनेछ । जडिवुटी खेतीका लागि सामुदायिक वन र निजि क्षेत्रको पनि संलग्नतामा सहकारी र निजि फर्मलाई समेत लिजमा दिने निति अख्तियारी गरि **जनका लागि बन** कार्यक्रमको शुरुवात गरिने छ ।

२. मुख्य सडक र शाखा सडकहरुको छेउछाउमा वृक्षरोपण गरि हरीयाली सडक बनाउने नीति अवलम्वन गरिनेछ ।

३. स्थानीय जलवायु अनुकुलन योजना तयार गरि सोही अनुसार कार्यक्रम लागु गरिने छ ।

४. आपतकालीन बाढी पहिरोबाट जोखिममा रहेको बस्तीहरु स्थानान्तरण सहयोग गर्न गरिने छ

५. पूर्ण सरसफाई युक्त महाशिला गाउँपालिका बनाउन सरसफाईमा समुदाय कार्यक्रम अगाडी बढाइने छ ।

६. फोहोरमुक्त पालिका निर्माण अभियानलाई सार्थक तुल्याउन टोल विकास संस्था , आमा समुह, स्थानिय कलब र अन्य समुहहरुलाई परिचालन गरिने छ ।

७. जिल्ला वन कार्यालयहरुसँगको सहकार्यमा सामुदायिक वन क्षेत्रमा र अन्य क्षेत्रमा दिगो वन व्यवस्थापन कार्यक्रम संचालन गरिने छ । सामुदायिक बनलाई थप व्यवस्थित बनाउन पालिकास्तरको वन ऐन अनुसार दर्ता र व्यवस्थापन साथै नियमनलाई अनिवार्य गरिनेछ ।

८. जलवायु परिवर्तनकलागि पालिकास्तर र वन समुहमा भएको समुदाय अनुकुलन योजना कार्यन्वयनमा प्राथमिकता दिने र जिविकोपार्जनका लागि अन्य सहयोगी संस्था, गैसस र प्रदेश एवं केन्द्र सरकारसंग कार्यक्रमका लागि सहकार्य गरीने छ ।

९. विपत व्यवस्थापन पूर्व तयारीका लागि विपत व्यवस्थापन कोष परिचालन महाशिला विकास स्वयंसेवक नगर प्रहरी, नेपाल प्रहरी र रेडक्रस र संस्थालाई परिचालन गरिने छ । साथै वार्ड वार्डमा आवश्यक राहत सामाग्रीको समूचित प्रवन्ध गरिने छ ।

१०. पहिरो, स-साना गल्छी तथा खोलाहरुको भूक्षय रोक्न संरक्षणका कार्यक्रमहरुमा घाँस तथा विरुवा र तारजाली व्यवस्थापनमा लगानी गरीने छ ।

११. मानव तथा वन्यजन्तु विचको द्वन्द व्यावस्थापन र खाद्य सुरक्षा कार्यक्रमलाई खेति योग्य जमिन र घर वरीपरी १५ मिटर रुख हटाउन अभियान संचालन गरीने छ ।

१२. विद्युत मेन लाईन र शाखा लाईनका वरपरीका रुखहरु १० मिटर वरिपरिका सवै रुखहरु कटान गरी विद्युत सेवालाई सुचारु गर्ने नीति लिइनेछ।

१३. सवै टोल विकास संस्थाहरुलाई वार्षिक रु १०,०००/- मसलन्द खर्च उपलव्ध गराईने छ ।

१४. सिमसार संरक्षणका लागि यस महाशिला गाउँपालिकाका बाह्रै महिना पानी रहने पोखरी संरक्षणका लागि प्रदेश सरकारसंग सहलगानीमा कार्यक्रम गरिने छ ।

## वित्तिय श्रोत व्यवस्थापन तथा संस्थागत सेवा प्रवाह तथा शुसासन क्षेत्र

१. आवधिक योजना अनुसारका प्राथमिकताका क्षेत्र निर्धारण गरी वार्षिक योजना वनाईने छ । संयुक्त राष्ट्रसंघले २०१६-३० सम्मका लागि जारी घोषणा दिगो विकासका लक्ष्यहरुको क्रमशः आन्तरिकिकरण गरिने छ। साथै SDG Linkage सहितको आवधिक र वार्षिक बजेट तथा कार्यक्रमको दस्तावेज तयार गरि लागु गरिनेछ।

२.गाउँपालिकाका लागि आवश्यक ऐन, कानुन र नीति कार्यक्रम निर्माण परिमार्जनसमय अनुकुल गरिनेछ ।

३. महाशिला गाँउपालिकाका विभिन्न सिमाना तथा दोवाटोमा आवतजावतलाई सहज बनाउन पालिकाको पहिचान झल्किने गरी नक्साङ्कन सहितको सूचना बोर्ड राखिने छ ।

४. जग्गाको किसिम, प्रकृति र भौगोलिक क्षेत्र अनुसार करको दायरा आवश्यकता अनुसार परिमार्जन गरिनेछ ।

५. यस गाउँपालिका भित्र रहेका खानीजन्य उद्योगको सम्भाव्यता अध्ययन, उत्पादन र विक्रि वितरणमा आवश्यक सहयोग गरी आम्दानी बढाउने नीति लिइने छ ।

६. विगत देखीका काममा तोकिएको समयमा योजना सम्पन्न गरि गुणस्तरीय कार्य गर्ने उपभोक्ता समितिलाई उचित सम्मान गरिने छ ।

७. योजनाको पेश्की र वेरुजु निरन्तर कम गर्नको लागि उपभोक्ता समितिबाट हुने रु ५ लाख भन्दा धेरैका निर्माण कार्यमा ५ प्रतिशत रिटेन्शन मनि राख्ने नीति हटाइने छ ।

८. लेखापरीक्षण कार्यलाई व्यवस्थित गर्न आन्तरिक लेखा परिक्षण शाखा मार्फत नियमित लेखापरिक्षण गरी वित्तीय शुसासन कायम गरिनेछ ।

९. जन सहभागितामूलक ढंगबाट योजना तर्जुमा र कार्यान्वयन प्रकियालाई प्रभावकारी वनाउन जोड दिईने छ ।

१०. राजश्व वृद्धिका लागि धार्मिक, पुरातात्वीक, साँस्कृतिक र पर्यटकीय स्थलहरुको पहिचान, प्रर्वद्धन र विकासमा जोड दिईनेछ ।

११ राजस्वका दरहरुलाई समयानुकुल परिमार्जन गर्दै र जनताहरुलाई राजश्व तिर्न उत्प्रेरित गरिने छ। साथै वडा स्तरमा वढी राजस्व संकलनमा अपेक्षित लक्ष्य पुरा गर्ने कर्मचारीलाई प्रोत्सहान स्वरुप सम्मान गरिने छ ।

१२. सेवा तथा विकासका कार्यक्रमहरु सरकारी निकाय, गैर सरकारी निकाय र वित्तीय संस्थाले वार्षिक रुपमा कार्यक्रम पेश गर्न अनिवार्य गरिने छ र पारदर्शीताको लागि गाउँपालिकाद्वारा एकद्वार नीति अवलम्वन गरिनेछ ।

१३. सवै वडामा नागारिक बडापत्र र निर्माणाधिन योजना स्थलमा होडिङ्गवोर्डको स्थापनालाई अनिवार्य गरिने छ ।

१४. सवै विद्यालय, स्वास्थ्य संस्था, सहकारी संस्थाहरुको अनिवार्य सार्वजनिक परिक्षण र नियमित लेखापरिक्षण गरी लेखा प्रतिवेदन प्रथम चौमासिक भित्र गाउँपालिकामा अनिवार्य पेश गर्नु पर्ने नीति लिइनेछ ।

१५. राष्ट्रसेवक कर्मचारिहरुको क्षमता विकासका लागि आवस्यक व्यबस्था मिलाइने छ । कर्मचारी कल्याणकारी कोषको स्थापना गरिनेछ। गाउँपालिका तथा वडा कार्यालयका एक वर्ष सेवा अवधि पुगेका अस्थायी तथा करारका कर्मचारीहरुलाइ सेवानिवृत जिवनलाई सुखमय बनाउनका लागि ६ प्रतिशत योगदान गाँउपालिकाको र ६ प्रतिशत योगदान संचयकर्ताको हुने गरी नागरिक लगानी कोषमा आवद्ध गरिने छ ।

१६.. सूचना प्रविधिलाई व्यवस्थित गरि वडा र समुदायतहमा विद्युतिय सूचना प्रविधीको प्रयोग विस्तार गरिनेछ ।

१७.. सवै विद्यालय र कार्यालयमा विद्युतिय हाजिरीलाइ क्रमशः नियमित गर्दै लगिने छ ।

१८. गाउँपालिका र वडाहरुको मासिक प्रगति विवरण नियमित सार्वजनिक गर्ने व्यबस्था मिलाइने छ ।

१९. स्थानीय तहको सवै खाले कार्य सम्पादन गर्न आवश्यकता अनुरुप समिति उपसमिति वनाई काम गरिनेछ ।

२०. गाउँ सभा, कार्यपालिका र वडा तहको निर्णयहरुलाई विभिन्न संचारका माध्यमवाट सार्वजनिक गर्ने कामलाई निरन्तरता दिईने छ ।

२१.स्थानीय तहको क्षेत्र भित्रका सम्पुर्ण संघ संस्था, व्यवसायहरुको दर्ता तथा नविकरण सम्वन्धमा नियमनको प्रवन्ध मिलाइने छ । साथै पालिकाबाट अनुदान सहायता उपलब्ध गराउँदा दर्ता वा नविकरण भएका संघ संस्थालाई मात्र ग्राहयता दिने नीति लिइने छ ।

२२. गाउँपालिकाका सवै खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन बमोजिम विद्युतिय माद्यमबाट व्यबस्थित गर्दै विद्युतिय सरकारको अवधारणा अनुरुप अगाडि लैजाने नीति लिइने छ ।

२३. गाउँपालिकामा स्थापित संघ प्रदेशस्तरका सरकारी कार्यालय र सुरक्षा निकाय विच समन्वय र सहकार्य गरिनेछ ।

२४. आगामी आर्थिक वर्ष ०८०/८१ सार्वजनिक आय र खर्च व्यवस्थापनलाई पारदर्शी, जवाफदेही र परिणामुखी बनाईने छ ।

२५.आधुनिक लेखा प्रणाली सुत्र विधिका आधारमा प्रतिवेदन र लेखा परीक्षण पद्धति अवलम्बन गर्दै वित्तीय कारोवारमा स्वच्छता र पारदर्शिता वृद्धि गरिने छ ।

**अव म सघं तथा प्रदेश सरकारसंगको सहयोग र साझेदारीमा कार्यन्वयनमा ल्याइने लक्षित योजना तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।**

१. संघीय सरकार र प्रदेश सरकारसँग नीतिगत र कार्यगत समन्वय गरि गाँउपालिकाले आफ्नो नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

२. महाशिलाको शिला क्षेत्रको विकास, पैयूकोट क्षेत्र संरक्षण र चिसापानीको डिपिआर वमोजिमको पर्यटन विकासका लागि पूर्वाधार विकासमा संस्कृति तथा पर्यटन विकास मन्त्रालयमा वजेट विनियोजन गर्न माग गरिन्छ ।
३. दृश्यावलोकन, पिकनिक स्थल, उद्यान तथा धौलागिरी माछापुच्छ्रे भ्यूप्वाईन्ट, मनोरञ्जनपार्क निर्माण फलामखानीमा निर्माणकालागि संस्कृति तथा पर्यटन विकास मन्त्रालयमा पहल गरिने छ फलामखानीमा रहेको खानि संचालनका लागि संभाव्यता अध्ययन गरी उत्खननका लागि आवश्यक गर्दै कामको थालनी र वजेट व्यवस्थापनका लागि माग गरिन्छ ।
४. अगाहाखोला, अधेरीखोला, फेदीखोला, झरुवाखोलामा मझौला सिंचाई आयोजना संचालनमा सिंचाई मन्त्रालयमा वजेटकालागि माग गरि पठाउने काम गरिने छ ।
५. महाशिला वडा नं. ५ लुंखुमा बतासेडाँडा भोर्ले डाँडा आकाशे पुल करिव ३५० मिटर हस्पिटल जानका लागि एवं सेल्फीपुलकालागि धौलागिरी माछापुच्छ्रे भ्यूप्वाईन्ट, महाशिला वडा नं ४ को ठूलाडाँडा दमसिङ्ग सम्म अग्लो आकासे पुल करिव ३५० मिटरको आवागमन र वनपैदावारको उपयोगकालागि र महाशिला ५ चनौटे देखी महाशिला ३ दियालीडाँडा जोड्ने पुल, पचभैया झोलुङ्गे पुल निर्माणका लागि टिविएसएसपीमा सभाव्यता अध्ययनका लागि माग गरिनेछ ।
६. गुरुङ्गहरुको संस्कृति संरक्षण संग्रहालय निर्माण भोगसिङ्गको धनसिंग दरवार पुरातत्व विभागमा, पाखापानीमा प्योधिं निर्माण र लामेको वौद्ध गुम्वा र अर्घाउदीको बजुमण्डलीको लागि पर्यटन तथा संस्कृती मन्त्रालयमा वजेट विनियोजनका लागि योजना माग गरिनेछ ।
७. लघुउद्यम कार्यक्रम संचालनका लागि वजेट वृद्धि गरी पठाउनका लागि केन्द्र सरकारसंग माग गरि पठाईनेछ ।
८. व्यवसायिक मौरी पालन, बाख्रा पालन, कागती, सुन्तला, कफि, चिया, अलैची र तरकारी खेती व्लक संचालन कार्यक्रममा विशेष अनुदानका लागि कृषि तथा सहकारी मन्त्रालयमा माग गरि पठाईने छ ।
९. खाद्य बैंक संचालनमा सहयोग कार्यक्रममा विशेष अनुदान कृषि तथा सहकारी मंत्रालयमा माग गरि पठाईने छ ।
१०. भूमी बैक संचालनमा सहयोग कार्यक्रममा विशेष अनुदानका लागि भूमि व्यवस्था मन्त्रालयमा माग गरि पठाईने छ ।
११. पालिकास्तरमा एक व्यवस्थित खेल मैदानका कृष्ण गोपाल स्मृति खेल मैदानको सहयोगका लागि युवा तथा खेलकुद मन्त्रालयमा माग गरि पठाईने छ ।
१२. गाउँपालिकाले डिपिआर तयार गरेका सडकको कालोपत्रेका लागि विशेष र समपुरक अनुदान तथा निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रममा तपशिलका सडकहरुलाई वजेटको माग गरिनेछ ।
१३. विद्यालय पूर्वाधार भवन निर्माणमा चन्द्रनगर प्रा.वि., चन्द्रोदय प्रावि, जनविकास मा.वि. लगायतका विद्यालयहरुका लागि शिक्षा मन्त्रालयमा विषेश माग तथा पहल गरिनेछ ।

**प्रदेश सरकारसंगको सहयोग सहकार्य**

१. प्राविधिक शिक्षा, ढुंगा गिट्टि क्रसर उद्दोग सञ्चालन, सिँचाइ, उद्योगग्राम, विभिन्न पर्यटकीय पुर्वाधार निर्माण, विभिन्न स्थानमा तरकारी खेति विकास कार्यक्रम लगायतका कार्यहरु प्रदेश सरकार सँगको सहयोग र सहकार्यमा सम्पन्न गर्न पहल गरिनेछ ।

२. इन्भेसीगेसन डिप ट्यूवेल सिंचाई प्रणालीमा महाशिला वडा नं. ५ काउरावोट सिंचाईको शुरुवात, अन्य स्थानको संभाव्यता अध्ययन परिक्षणका लागि पोखराखेत, लामे, वडा नं ४ पूर्णागाउँ, घारलुङ्ग सेरा, अर्तमास, वडा नं ३ को न्याली, हिरुखर्क, वडा नं. १ अगाहा र जमपुरमा प्रदेश सरकार भौतिक पूर्वाधार मन्त्रालयमा माग गरिनेछ ।

३. १ घर १ धारा महाशिला गाँउपालिका भरी यस वर्ष भित्रमा सम्पन्न गर्न प्रदेश सरकार भौतिक पूर्वाधार मन्त्रालयमा थप माग गरिनेछ ।

४. महाशिला, पैयूकोट र चिसापानीमा पर्यटन पूर्वाधारमा सहयोग डिपिआर अनुसार र गंगाधार गुफा, गोरल्याङ्ग क्षेत्र, धुँवाकोट फलामखानी, वालारानी क्षेत्र, छहराखोला क्यानोनिङ्ग, गोरल्याङ्ग र धुँवाकोटमा प्याराग्लाईडिङ्ग, वोक्सी पहरामा रकक्लाईमिङ्गका लागि आवश्यक सहयोगका लागि माग गरिनेछ ।

५. कृषि तथा पशुपालन फर्म संचालनमा सहयोग प्रदेश सरकारसंग होश्राङ्गदी,लुंखु फलामखानी पाडापाडी पालन फर्म, होश्राङ्गदी र वालाकोटमा कफी खेती, भोगसिङ्गमा आलु, अलैची, फलामखानी र लुंखुमा चिया खेतीको फर्म, पाखापानी, लुंखु, वालाकोट, होश्राङ्गदी, भोगसिंगमा सुन्तला तथा फलमाखाी सहित तरकारी व्लक, होश्राङ्गदी, पाखापानी, वालाकोट, भोगसिंग, होश्राङ्गदी, लुंखुमा वाखापालन फर्म, फलामखानीमा भेडापालन फर्म, गाईपालन फर्म दुधकालागि होश्राङ्गदी, लुंखु र पाखापानी, वंगुरपालन फर्म पाखापानी र लुंखु, लोकल कुखुरापालन फर्म सवै वार्ड, मौरीपालन फर्म लुंखु, पाखापानी, वालाकोट होश्राङ्गदी गर्ने गरी प्राथमिकता तय गरी प्रदेश सरकारको सम्वन्धित मन्त्रालयमा माग गरि पठाईने छ ।

६. स्थानीय जातको बिउ विजनको संरक्षणमा बिउबैंक र स्थानिय जातको पशुको संरक्षणका लागि श्रोत केन्द्र विकासका लागि प्रदेश सरकारसंग माग गरिनेछ । सवै वार्डमा कार्यक्रम संचालन गर्ने गरी माग गरिनेछ ।

**अन्तमा, सम्पूर्ण सभा सदस्य ज्युहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम माथि यहाँहरुको अमुल्य सुझाव तथा टिप्पणी रहने नै छ । विषयगत तथा दफावार छलफलमा रचनात्मक सुझावहरुको अपेक्षा सहित मेरो मन्तव्य यही अन्त्य गर्दछु ।

हार्दिक अभिभादन सहित

**धन्यवाद !**

**इश्वरी प्रसाद भुसाल**
**अध्यक्ष**
**महाशिला गाँउपालिका**